नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
फोन नं. ०१४२६१९०८
बबरमहल,
काठमाडौं, नेपाल।

## स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ को उपदफा (३क) बमोजिम
## काठमाडौं जिल्लाका प्रमुख जिल्ला अधिकारीबाट जारी भएको आदेश

अति विशिष्ट पदाधिकारीको निवास, कार्यालय वा मुलुकको प्रशासनिक केन्द्र तथा मुख्य आगमन मार्गहरुमा भेला जम्मा भई अनसन, धर्ना, घेराउ र विरोध प्रदर्शन जस्ता कार्यक्रमहरू आयोजना गर्दा विभिन्न समूहबीच आपसी विवाद, झैझगडा, मुठभेड एवम् भिडन्त भई शान्ति सुरक्षा भङ्ग हुन सक्ने तथा हुलदंगा वा अशान्ति हुन सक्ने भई समग्र रुपमा शान्ति सुरक्षामा प्रत्यक्ष असर पर्नुको साथै उल्लिखित स्थान सर्वसाधारण नागरिकको सेवा प्रवाहका लागि प्रयोग हुने मुख्य मार्ग एवम् महत्वपूर्ण प्रतिष्ठान समेत भएकोले सो क्षेत्रमा रहेका सार्वजनिक सेवा प्रदायक निकायहरूको कामकारवाही, सार्वजनिक सम्पत्ति संरक्षण एवम् सुरक्षामा प्रत्यक्ष नकारात्मक असर पर्न जाने र अत्यावश्यक एम्बुलेन्स, दमकल तथा सार्वजनिक यातायात अवरूद्ध हुने अवस्था समेतलाई मध्यनजर गरी जिल्ला सुरक्षा समिति काठमाडौंको सिफारिस समेतका आधारमा स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ को उपदफा (३क) बमोजिम देहायको क्षेत्रमा मिति २०८०।०८।०५ गतेदेखि ३० (तीस) दिनसम्मका लागि पाँच जनाभन्दा बढि व्यक्ति भेला जम्मा भई जुलुस, प्रदर्शन, धर्ना, घेराउ, अनसन, सभा जस्ता आन्दोलन वा विरोधका कार्यक्रम गर्न निषेध गरेको आदेश जारी गरिएको छ।

<u>देहाय</u>

क) शितल निवास (राष्ट्रपति कार्यालय):
- पूर्व पवित्र वर्कशपसम्म,
- पश्चिम सामाखुसी निस्कने नालासम्म,
- उत्तर राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठानको दक्षिण पूर्वी गेटसम्म,
- दक्षिण प्रहरी अस्पताल जाने मोडसम्म।

ख) प्रधानमन्त्री निवास वालुवाटार:
- पवित्र वर्कशप चोकबाट बालुवाटारतर्फ नेपाल राष्ट्रबैंक चोकसम्म,
- सभामुख निवासदेखि गैहीधारा जाने बाटोको पश्चिम दक्षिण १०० मिटरसम्म,

- प्रधान न्यायाधीश निवासबाट लाजिम्पाट जाने १०० मिटर पश्चिमसम्म,
- राष्ट्रबैंक चोकबाट पूर्वतर्फ १०० मिटरसम्म,
- इटालीया चोकबाट ५० मिटर दक्षिणसम्म।

ग) संसद भवन नयाँ बानेश्वर:

- संसद भवनको चारैतर्फको सडकसम्म,
- संसद भवनको दक्षिण मोड (यातायात व्यवस्था विभाग) देखि पूर्वतर्फ मिनभवन चोकसम्म।

घ) सिंहदरबार:

- भद्रकाली मन्दिर पूर्व तिनकुने आइल्याडको पूर्वी कुनादेखि पूर्वतर्फ सिंहदरवार मूलगेटसम्म,
- सिंहदरवार मूलगेट अगाडिदेखि उत्तरतर्फ पद्मोदय मोडसम्म,
- पद्मोदय मोडदेखि पूर्वतर्फ महालेखा परीक्षक कार्यालय अगाडि हुँदै अनामनगरतर्फ जाने सिंहदरवारको उत्तरपूर्वी मोड र सो मोडबाट सिंहदरवार पूर्वी गेट हुँदै हनुमानस्थान मन्दीरसम्म,
- सिंहदरबार पश्चिम गेटदेखि सर्वोच्च अदालत अगाडि हुँदै माईतीघर मण्डलासम्म,
- माईतीघर मण्डलादेखि सिंहदरवार दक्षिण गेट हुँदै हनुमानस्थान मन्दिरसम्म,
- बबरमहलस्थित जिल्ला अदालत मोडको प्रवेश मार्गदेखि जिल्ला प्रशासन कार्यालय उत्तरतर्फको मोडसम्म।

ङ) हरित गृह (उपराष्ट्रपति कार्यालय):
केशरमहल चोकदेखि लैनचौर मोड हुँदै मल्ल होटलको सिमानासम्म।

मिति: २०८०/०८/०५

(जितेन्द्र बस्नेत)
प्रमुख जिल्ला अधिकारी